


इजरायलको एल अल एयरलाइन्सको बोइङ ७८७ मोडलको विमान स्वागत समारोहमा बुधबार इजरायलको तेल अभिभ विमानस्थलमा । बुधबार कम्पनीले एयरलाइन्सले बोइङबाट आफ्नो पहिलो डेलिभरी पाएको हो । *तस्बिर : सिन्हवा*

# सामसुङको नोट ८ सार्वजनिक

■ एजेन्सी
सोल, भदौ ८

सामसुङ कम्पनीको नयाँ उत्पादन ग्यालेक्सी नोट ८ सार्वजनिक भएको छ । बुधबार कम्पनीले अमेरिकाको न्युयोर्कमा आफ्नो नयाँ स्मार्टफोन सार्वजनिक गरेको हो । कम्पनीको यसअघिको भर्सन ग्यालेक्सी नोट ७ को ब्याट्रीमा समस्या देखिएको थियो । उक्त समस्याका कारण समग्र नोटको भविष्यमाथि नै प्रश्न उठेको थियो ।

बजारमा आफ्नो पुरानो उत्पादनको खराबीको बाबजुद कम्पनीले नयाँ उत्पादन ल्याएको हो । ग्यालेक्सी नोट ८ ले नोट ७ को कमजोरीबाट कम्पनीको व्यापारिक नतिजामा उल्लेख्य सुधार ल्याउने विश्वास कम्पनीले लिएको छ । कम्पनीले सार्वजनिक गरेको यो स्मार्टफोन केही विशेष रहेको देखिएको छ । यसको डिस्प्ले ६.४ इन्च रहेको छ । साथै यो उत्पादन पनि दुई संस्करणमा सार्वजनिक भएको छ । एक संस्करणमा क्वालकम स्न्यापड्र्यागन ८३५ चिपसेटका साथमा एड्रिना ५४० जीपीयू प्रोसेसर रहेको छ भने अर्कोमा एक्सनोस ८८९५ चिपसेटका साथमा माली जी ७१ जीपीयू रहेको छ ।

यो स्मार्टफोनमा ६ जीबी न्याम रहेको छ भने इन्टरनल मेमोरी ६४, १२८ र २५६ जीबीको विकल्पसहित आउनेछ । १३ मेगापिक्सल क्यामरा भएको फोनमा ३३०० एमएएच पावरको ब्याट्री हुनेछ । नोट ८ ले एन्ड्रोइड नगेट ७.१.१ अपरेटिङ सिस्टममा काम गर्नेछ । ६४ जीबीको करिब ९७ हजार, १२८ जीबीको एक लाख १० हजार र २५६ जीबीको एक लाख २४ हजार रूपैयाँ पर्ने अनुमान छ । तर, देशअनुसार यो मूल्यमा धेरै फरक आउनसक्नेछ । सामसुङका नोट सिरिज फोन निकै रूचाइएका भए पनि नोट ७ को ब्याट्रीमा आएका खराबीका कारण यसको छवि बिग्रिएको थियो । कम्पनीले आफूले बेचेका सबै फोन फिर्ता लिएर अर्कोसँग साटिदिएको थियो ।

केही समय उत्पादन नै बन्द गरेर नयाँ नोट ७ कम्पनीले बजारमा ल्याए पनि यसले खास प्रभाव पार्न सकेन । कम्पनीले नोट ७ बाट निकै घाटा व्यहोर्नुपरेको थियो । अब नोट ८ बाट कम्पनीले बिग्रेको आफ्नो छवि सुधार्ने र गुणस्तरमा ग्राहकको विश्वास जित्ने आशा गरेको छ । यसका लागि कम्पनीले नोट ८ लाई विशेष बनाउन निकै मिहिनेत गरेको बताइएको छ । यसले ग्राहकलाई कति आकर्षण गर्न सक्छ भन्ने त फोन बजारमा आइसकेपछि नै थाहा हुनेछ ।

अहिले एप्पल कम्पनी पनि आफ्नो नयाँ स्मार्टफोन सार्वजनिक गर्ने तयारीमा रहेको अवस्थामा सामसुङको यो उत्पादन सार्वजनिक भएको हो । यसले सामसुङलाई आगामी दिनमा एप्पलसँग प्रतिस्पर्धाका लागि पनि सहयोग पुऱ्याउने बताइएको छ । यसअघि सामसुङको नोट ७ पनि आईफोन ७ लाई चुनौती दिनका लागि सार्वजनिक गरिएको थियो भने यो उत्पादन एप्पलको नयाँ उत्पादन आईफोन ८ लाई चुनौती दिन ल्याइएको हो । यो सेप्टेम्बर महिनामा एप्पलको यो उत्पादन आउनसक्ने बताइएको छ ।




# साउदी अरेबिया र चीनद्वारा २० अर्बको लगानी कोष स्थापना

■ एजेन्सी
जेद्दाह, भदौ ८

चीन र साउदी अरेबियाले संयुक्तरूपमा २० अर्बको लगानी कोष स्थापना गरेका छन् । बिहीबार साउदी अरेबियाका ऊर्जामन्त्री खालिद अल फालिहले चीन र साउदीको बीचमा महत्वपूर्ण लगानी कोष स्थापनाका लागि सम्झौता भएको हो । फालिहले दुई मुलुकबीचको आर्थिक सम्मेलनको क्रममा यस्तो सम्झौता भएको बताएका हुन् ।

यो सम्मेलनको क्रममा दुई मुलकका विशिष्ट अधिकारीहरू तथा व्यवसायीहरूको संलग्नता रहेको पाइएको थियो । साउदी अरेबियाले आफ्नो व्यापारिक सम्बन्ध सुधारको आर्थिक सम्मेलनको आयोजना गरेको हो । यो सम्मेलनको क्रममा ११ व्यवसायीहरूको तर्फबाट २० अर्ब डलरको लगानी कोष स्थापना भएको हो । यस विषयमा थप विवरणहरू भने दिइएको छैन । साथै यो लगानी कुन प्रयोजनका लागि प्रयोग हुने हो भन्ने पनि खुलाइएको छैन ।

मंगलबार साउदी अरेबियाको क्याबिनेटले चीन र साउदी अरेबियाको बीचमा द्विपक्षीय सम्झौताका लागि अनुमति प्रदान गरेको थियो । साथै साउदीको क्याबिनेटले लगानी कोष स्थापनाको लागि पनि अनुमति प्रदान गरेको थियो । यद्यपि अहिले स्थापना गरिएको कोषमा दुवै मुलुकको हिस्सा बराबरको रहेको बताइएको छ । विश्लेषकहरूले भने अहिले भएको सम्झौताले दुवै मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण सुधार आउने अनुमान गरिएको छ । पछिल्लो समय साउदीको अर्थतन्त्र पनि गिरावटको क्रममा रहेका कारण उसका लागि लगानी सम्मेलन नै महत्वपूर्ण रहेको अधिकारीहरूले बताएका छन् ।

साथै पछिल्लो समय मध्यपूर्वमा देखिएको तनावको अवस्थामा अहिलेको लगानी कोषले सहयोग पुऱ्याउने विश्लेषकहरूले बताएका छन् ।



# पाकिस्तानमा आर्सेनिकको उच्च जोखिम

■ एजेन्सी
इस्लामावाद, भदौ ८

पाकिस्तानमा आर्सेनिकको जोखिम अत्यधिक रहेको एक विवरणले देखाएको छ । धेरै पाकिस्तानीहरू अहिले जमिनमुनिको पानी प्रयोग गरिरहेको कारण आर्सेनिकको जोखिम अत्यधिक रहेको पाइएको हो । पछिल्लो समया सार्वजनिक भएको विवरणअनुसार पाकिस्तानमा करिब छ करोड मानिसहरू आर्सेनिकको उच्च जोखिममा देखिएका हुन् । पाकिस्तानमा खानेपानीको समस्या रहेको क्षेत्रका छ करोड मानिसहरूले प्रयोग गर्ने गरेको जमिनमुनिको खानेपानीमा अत्यधिक आर्सेनिक रहेको पाइएको हो । पाकिस्तानको विभिन्न स्थानका १२ सय स्थानका जमिनमुनिको पानीको गुणस्तर अध्ययनको क्रममा आर्सेनिकको मात्रा अत्यधिक रहेको देखिएको हो । आर्सेनिक यस्तो रसायन हो, जसको मात्रा पानीमा अत्यधिक भएको खण्डमा मानिसको ज्यान पनि जान सक्छ । विश्वका सबै स्थानको जमिनमुनिको पानीमा धेरथोर मात्रामा आर्सेनिक पाइन्छ ।

विश्व स्वास्थ्य संगठन (डब्यूएचओ)को विवरणअनुसार अहिले विश्वका १५ करोड मानिसहरू जमिनमुनिको अर्सेनिकयुक्त पानी पिइरहेका छन् । डब्यूएचओको मापदण्डअनुसार खानेपानीमा एक लिटरमा १० माइक्रोग्राम आर्सेनिकसम्मको मात्रा खानका लागि उपयुक्त हुन्छ । पाकिस्तानको सरकारले भने ५० माइक्रोग्रामसम्मको नतिजालाई स्वीकार गर्ने गरेको छ । यसले पनि पाकिस्तानको अवस्था कमजोर रहेको पुष्टि गरेको छ । डब्ल्यूएचओको विवरणलाई आधार मान्ने हो भने पाकिस्तानमा देखिएको नतिजा मापदण्डभन्दा पनि पाँच गुणाले बढी हो । यसले पाकिस्तानमा निकट भविष्यमा नै भयंकर समस्याको सिर्जना गर्नसक्ने विश्लेषकहरूले बताएका छन् ।

पूर्वी पाकिस्तानका पाँचदेखि छ करोड मानिसले भने सरकारले स्वीकार गर्नसक्ने मात्राभन्दा पनि बढी आर्सेनिक रहेको पानी पिउने गरेका छन् । पछिल्लो समय दक्षिण एसियाका केही स्थानहरूमा खानेपानीको समस्या बढ्दै गरेको कारण पनि लाखौं मानिसहरू यस्तो पानी पिउनका लागि बाध्य छन् ।



# युबरको व्यापारमा सुधार

■ एजेन्सी
लन्डन, भदौ ८

युबर कम्पनीको व्यापारमा यस वर्षको दोस्रो त्रैमासिक अवधिमा उल्लेख्य सुधारको नतिजा हासिल गरेको विवरण सार्वजनिक भएको छ । युबरले यस वर्षको दोस्रो त्रैमासिक अवधिमा युबरको बुकिङमा १६ प्रतिशतको उल्लेख्य वृद्धि भएको पाइएको हो । साथै कम्पनीको नोक्सानी पनि केही कम रहेको विवरण सार्वजनिक भएको हो ।

यसअघि युबर कम्पनीको व्यापारमा उल्लेख्य गिरावट आउने अनुमान गरिएको भए पनि युबर आगामी दिनमा नाफामा जानसक्ने अवस्थामा देखिएको हो । युबरले पछिल्लो समय आफ्नो व्यापारमा गरेको उल्लेख्य लगानीको कारण पनि उसको नाफामा उल्लेख्य सुधार आएको पाइएको हो । ड्राइभर तथा ग्राहकको क्षेत्रमा युबरले उल्लेख्य लगानी गरिरहेको पाइएको छ । दक्षिण एसियालगायतका क्षेत्रमा भने युबर आफ्नो व्यापारिक नतिजामा सुधारका लागि संघर्ष गरिरहेको पाइएको छ ।

अमेरिकाको सन्फ्रान्सिस्कोमा रहेको कम्पनीले दोस्रो त्रैमासिक अवधिमा ६४ करोड ५० लाखको नोक्सानीको विवरण सार्वजनिक गरेको छ । यो नतिजा अघिल्लो त्रैमासिक अवधिको तुलनामा नौ प्रतिशतले कमजोर नोक्सानी हो । यसअघि उसले ७० करोड ८० लाख डलर नोक्सानीको सामना गरेको थियो । अघिल्लो वर्षको अन्तिम तीन महिनाको नोक्सानीको तुलनामा भने यो नतिजा ३५ प्रतिशतले कमजोर नतिजा हो । अघिल्लो वर्षको समग्र अवधिमा युबरले समग्रमा तीन अर्ब डलरको नोक्सानीको सामना गरेको थियो । यो नतिजाले युबर केही कमजोर रहेको देखिए पनि यस वर्षको सुरूवातसँगै उसको व्यापारिक नतिजामा पनि सुधार आएको देखिएको हो ।

युबर कम्पनीले पछिल्लो समय केही मुद्दाहरूको सामना गरिरहेको भए पनि उसको व्यापारिक नतिजालाई भने यसले असर भने नगरेको पाइएको छ । युबर कम्पनीमाथि यौन दुर्व्यवहार, व्यापारिक चोरी र केही आपराधिक घटनाको मुद्दा लागिरहेको छ । त्यसका साथै उसले प्रयोग गरिरहेको सफ्टवेयरको विषयमा पनि युबरले मुद्दा खेपिरहेको छ । केही लगानीकर्ताहरूले यसअघि युबर कम्पनीको समग्र मूल्यांकन ६८ अर्ब डलरको गरेका थिए । पछिल्लो समय देखिएको कमजोर विवरणसँगै उसको समग्र मूल्यांकनमा पनि १५ प्रतिशतसम्मको गिरावट आएको बताइएको छ । युबरले वर्षको दोस्रो त्रैमासिक अवधिमा आफ्नो समग्र बुकिङ आठ अर्ब ७० करोड डलर रहेको बताएको छ ।

यो नतिजा वर्षको सुरूवाती तीन महिनाको अवधिमा सात अर्ब ५० करोड रहेको पाइएको थियो । साथै कम्पनीले आफ्नो विश्वभरको यात्रामा पनि एक सय ५० प्रतिशतको उल्लेख्य वृद्धि भएको बताएको छ । यसले आगामी दिनमा भने कम्पनीको आर्थिक नतिजामा महत्वपूर्ण सुधार देखिनसक्ने बताइएको छ । पछिल्लो समय युबरको व्यापारमा पनि उल्लेख्य वृद्धि भएको विवरणले देखाएको छ । विवरणकाअनुसार पछिल्लो समय रसियामा पनि कम्पनीको व्यापारिक नतिजा बलियो रहेको देखिएको छ । रसियामा आफ्नो व्यापारिक सेवा प्रदानको क्रममा कम्पनीले स्थानीय कम्पनीसँग पनि व्यापारिक सहकार्य गरेर अघि बढिरहेको देखिएको छ । औसत राजस्वको हिसाबमा पनि युबर बलियो अवस्थामा रहेको देखिएको हो ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Central Regional Road Directorate
**Division Road Office Nuwakot**

## Notice of Intention to Accept the Technical Bids

Date of Publication: 2074/05/08

1. This is to notify all concerned bidders pursuant to section 31'E', sub section 5 of Public Procurement Regulation 2064 (including amendments) that thefollowing bidders of the following contracts of IFB No. 13-073/74 dated 2074/03/25, published on "Aarthik National Daily"have been successfully qualified as per the Eligibility and Qualification Requirements of Respective Contracts and are considered as substantially responsive bidders and hereby is intended to accept their Technical Bids.
2. All the qualified bidders are notified and requested to present in opening of respective Price Bids as per clause 25.9 of instruction to bidder and PPR Rule 31'E' (5).
3. **Price Bid will be opened on 2074/05/15, 13:00 hours at Division Road Office Nuwakot.**

| S. N. | Contract No. | Name Address of Qualified Bidders in Technical Bid | |
|---|---|---|---|
| 1. | DRONKT/3371574/7374/052 | 1. | Baisdhara Nirman Sewa, Nayabazar-16, Kathmandu |
| | | 2. | Gulliver World Construction Pvt. Ltd. Balaju, Kathmandu |
| | | 3. | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak, Kathmandu |

**Division Chief**


# चिनियाँ कम्पनीहरुको नाफा बढ्यो

बेइजिङ, भदौ ८ । चिनियाँ कम्पनीहरूको नाफा यस वर्षको सुरूवाती सात महिनामा उल्लेख्य वृद्धि भएको विवरण सार्वजनिक भएको छ । पछिल्लो समय चीनको संरचना निर्माणको कार्य पनि अहिले तीव्र गतिमा अघि बढिरहेको कारण चिनियाँ कम्पनीहरूको नाफा बलियो रहेको देखिएको हो ।

चिनियाँ कम्पनीहरूको संगठन एसओईका समग्र कम्पनीहरूको संयुक्त नाफामा वार्षिक हिसाबमा यस वर्षको सुरूवाती सात महिनाको अवधिमा २३ दशमलव एक प्रतिशतको वृद्धिदर हासिल भएको पाइएको हो । यससँगै उनीहरूको संयुक्त नाफा दुई खर्ब ४९ अर्ब ६० करोड डलरमा पुगेको पाइएको छ । सरकारको मतहतमा रहेका कम्पनीहरूको नाफामा भने यस वर्षको सो अवधिमा १७ दशमलव तीन प्रतिशतको वृद्धिदर हासिल भएको देखिएको हो । यद्यपि चिनियाँ निजी कम्पनीहरूको नाफामा भने उल्लेख्य सुधार आएको देखिएको छ । निजी कम्पनीहरूको नाफामा यस वर्षको सुरूवाती सात महिनामा ३५ दशमलव आठ प्रतिशतको वृद्धिदर हासिल भएको विवरण सार्वजनिक भएको हो ।

चिनियाँ कम्पनीहरूको राजस्वमा पनि उल्लेख्य सुधार भएको पाइएको हो । वर्षको सुरूवाती सात महिनामा उनीहरूको राजस्वमा १६ दशमलव पाँच प्रतिशतको वृद्धिदर हासिल भएको पाइएको हो । साथै कम्पनीहरूको कार्यगत खर्चमा पनि १५ दशमलव आठ प्रतिशतको वृद्धिदर हासिल भएको देखिएको छ । चीनमा स्टिल तथा फलामजन्य पदार्थहरूको व्यापारिक नतिजा बलियो रहेको पाइएको छ । चीनले पछिल्लो समय आफ्नो अत्यधिक भण्डारणको समस्या समाधानका लागि प्रभावकारी कदम चालेसँगै चिनियाँ कम्पनीहरूको व्यापारिक नतिजामा पनि त्यसको असर देखिएको हो । चीनका पछिल्लो समय कम्पनीहरूको नाफामा सुधार आएको देखिए पनि प्रतिस्पर्धामा भने केही कमजोर नतिजा हासिल भएको पाइएको छ । अहिले चीन सरकार आफ्नो मुलुकका कम्पनीहरूको सुधारका लागि केही नीतिहरूको साथमा अघि बढिरहेको छ । पछिल्लो समय चीनको आर्थिक तथा व्यापारिक नतिजा पनि बलियो रहेका कारण चिनियाँ कम्पनीहरूले पनि महत्वपूर्ण नाफा हालिसल गरिरहेका छन् । पछिल्लो दुई वर्षयता चीन आर्थिक हिसाबमा केही कमजोर रहेको पाइएको थियो । जसको कारण चिनियाँ कम्पनीहरूको व्यापारिक नतिजा पनि कमजोर रहेको देखिएको थियो । यस वर्षको सुरूवातसँगैको चीनको बजारमा पनि सुधार आएको देखिएको छ । जसका कारण यस वर्ष चीनको आर्थिक वृद्धिदरको नतिजा पनि बलियो रहनसक्ने विश्लेषकहरूको भनाइ रहेको छ ।